# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### सुदूरपश्चिमम प्रदेश, नेपाल

धनगढी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय धनगढी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प.स. : ०७९/०८०

च.न. :

कृषीजन्य माल वस्तुहरुको विकि शुल्क संकलन गर्ने कार्यका लागी विद्युतिय वोलपत्र आव्हान सम्वन्धि सुचना ।

प्रथम पटक प्रकाशित मिती २०७९।०७।३० गते

यस धनगढी उप-महानगरपालीकामा कैलाली भन्सार मोहना नाका तथा अन्य नाकावाट (कञ्चनपुर र वांके लगायत अन्य नाका समेत भएर) आयात गरीने कृषीजन्य मालवस्तुहरु खाद्यान्न,दलहन र तेलहनमा सेवा शुल्क लगाउन धनगढी उप-महानगरपालीकाको आर्थिक ऐन २०७९ को दफा १३ वमोजिम कर संकलन गर्न सक्ने प्रावधान वमोजिम एक (१) वर्षका लागी यस उप-महानगरपालीकावाट तोकिएको दररेट वमोजिम कर संकलन गर्न सक्ने ईच्छुक फर्म वा संघ संस्थाको जानकारीका लागी उप-महानगरपालीका वाट तोकिएको दररेट वमोजिम कर संकलन गर्न चाहने ईच्छुक फर्म वा संघ संस्थाको जानकारीको लागी ३० दिने शिलवन्दी वोलपत्र आव्हानको सुचना प्रकाशित गरीएको छ ।

**शर्तहरु:**

१) न्युनतम ठेक्का अंक रु ८१,८२,९०९।४७-(एकासी लाख वयासी हजार नौ सय नौ रुपैया सतचालीस पैसा मात्र) भ्याट वाहेक कायम गरीएको छ ।

२) ठेक्काको अवधि ठेक्का स्विकृत भई सम्झौता गरेको मितीले २०८० साल अषाढ मसान्त सम्म कायम रहनेछ ।

३) तोकिएको सिमा भन्दा वहिर गई कर असुली गरीएको जानकारी वा प्रमाण फेला परेमा यस कार्यालयले जुन सुकै अवस्थामा पनि ठेक्का सम्झौता रद्द गर्न सक्नेछ ।

४.कैलाली मोहना भन्सार नाका,लगायत (कञ्चनपुर र वांके लगायत अन्य नाका समेत भएर) आयात गरीने कृषी जन्य माल वस्तुहरुवाट कर संकलन गर्नु पर्नेछ ।

५) बिद्युतीय माध्यमबाट बोलपत्र खरिद गर्न ईच्छुक फर्म वा कम्पनीहरुले बोलपत्र खरिद वापतको रकम रा.बा.बैंक धनगढी शाखामा यस कार्यालयको नाममा रहेको आन्तरिक राजश्व खाता न. ४१७०१००३०१०१०००२ मा नगद रू. ३००० (पछि फिर्ता नहुने गरी) जम्मा गरेको भौचर समेत संलग्न गरी पेश गर्नु पर्नेछ

६) वोलपत्र मिती २०७९।०९।०१ गते मध्यान्हको १२.०० वजे भित्र पेश गरी सक्नु पर्नेछ । वोलपत्र मिती सोही दिनको दिउसो २.०० वजे खोलीने हुदा सो समयमा वोलपत्रदाता वा निजले तोकेको व्यक्ति उपस्थित हुनु पर्नेछ,उपस्थित नभएमा पनि वोलपत्र खोल्न वाधा पर्ने छैन ।

७)वोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन माथि उल्लेखित समयमा दर्ता गर्ने र खोल्ने कार्य गरीने छ ।

८) वोलपत्र दर्ता गर्दा वोलपत्र वालालेआफुले कवोल गरेको ठेक्का अंकको धरौटी वापतको ५% रकम यस कार्यालयको रा.वा.वैंक धनगढी , कैलालीमा रहेको धरौटी खाता न. ४१७०१००३०३००००२ मा नगद दाखिला गरेको सक्कल भौचर वा वोलपत्र दाखिला गर्ने अन्तिम मिती वाट कम्तीमा १२० दिन

प्रमुख प्रशासकीय अधिकृत

# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### सुदूरपश्चिमम प्रदेश, नेपाल

प.स. : ०७९/०८०

म्याद भएको मान्यता प्राप्त वाणीज्य वैंकको जमानत विड वण्डको सक्कल प्रति वोलपत्र साथ संलग्न गरी पेश गर्नु पर्नेछ । बोलपत्र समावेश गर्नका लागि अनलाईन www.bolpatra.gov.np/egp बाट सहभागी हुनु पर्नेछ।

९) ठेक्का स्विकृत भए पछि ठेक्का रकम वरावर ३ किस्ता गरी सो मध्ये प्रथम किस्ताको रकम सम्झौता गरेकै दिन अग्रिम दाखिला गर्नु पर्नेछ । वांकी २ किस्ताको सम्वन्धमा नेपाल राष्ट्र वैंकवाट मान्यता प्राप्त वाणीज्य वैंकको मिती २०८० साल श्रावण मसान्त सम्मको म्याद रहेको परफरमेन्स वण्ड (वैंक ग्यारेन्टी) पेश गर्नु पर्नेछ ।

१०) किस्ता वुझाउने सम्वन्धमा पहिलो किस्ता सम्झौता भएका वखत र दोस्रो किस्ता फाल्गुण मसान्त र तेस्रो किस्ता २०८० साल जेष्ठ मसान्त भित्र वुझाउनु पर्नेछ ।

११) वोलपत्रमा ठेक्का अंक उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पष्ट लेखेको हुनु पर्नेछ ।

१२) यस कार्यालयवाट प्रमाणीत नगरी विक्रि भएको,म्याद नाघी आएको वोलपत्र माथि कुनै कारवाही हुने छैन ।

१३) ठेक्का संचालनका कममा कुनै समस्या आएमा अदालतको आदेश वा नेपाल सरकारको निर्णय भएको अवस्था वाहेकमा कुनै छुट दिईने छैन ।

१४) ठेक्कामा कुनै विवाद भएमा यस कार्यालयको निर्णय अन्तिम हुने छ । र यस ठेक्काको सुचना पाटि र वेव साईड www.dhangadhimun.gov.np मा राखीएको छ ।

१५) वोलपत्र स्विकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षीत रहने छ । यस सम्वन्धि अन्य कुरा वुझ्न चाहेमा कार्यालय समय भित्र राजश्व शाखामा सम्पर्क राख्न सकिने छ ।

१६) माथि उल्लेखित माल वस्तु अन्तर्गत नपरेको माल वस्तु आयात भएको खण्डमा माथि उल्लेखित माल वस्तु मध्ये वाट मेल खाने मालवस्तु सरह सेवा शुल्क लिनु पर्नेछ ।।

१७) कुनै अन्य भन्सार नाकावाट नेपाल भित्रिएको माथि उल्लेखित माल सामानहरुको हकमा अन्य स्थानिय तहले सेवा शुल्क लिएको खण्डमा लिन नपाइने र शुल्क नलिएको खण्डमा सेवा शुल्क लिनु पर्ने ।

१८) यस सुचनामा उल्लेख हुन छुट भएका विषयका सम्वन्धमा प्रचलित कानुन वमोजिम हुनेछ ।

१९) कर संकलन गरीने मालवस्तु र कर संकलन गर्ने दररेट वोलपत्र खरीद गर्दा उपलब्ध गराईने छ ।

..............................................

प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत